रोल्पा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लिबाङ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

## आन्तरिक लेखापरीक्षण प्रतिवेदन

आ.ब.२०७९/८० को श्रावण देखि असार सम्म

प्रतिवेदक :- हरिबहादुर के.सी

CamScanner

रोल्पा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(आ.ले.प.शाखा) रोल्पा ।

प.स:-०८०/८१

च.न ०८

मिति २०८०/०५/०४

श्री नगर प्रमुख ज्यू,

रोल्पा नगरपालिकाको कार्यालय, रोल्पा ।

रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लिबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
दर्ता नं.: 2508
मिति:- 080.05.06

**विषयः- आ.ले.प. प्रतिवेदन पेश गरेको बारे ।**

उपरोक्त सम्वन्धमा यस कार्यालयको आ.व. ०७९/८० को श्रावण महिना देखि असार महिनासम्मको आम्दानी, खर्च, धरौटी र राजश्वको विवरण तथा सोसँग सम्वन्धित पेश भए सम्मको श्रेस्ता आ.ले.प.गर्दा देखिएको प्रतिवेदन थान २१ (एक्काईस) यसैसाथ संलग्न छ । प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्वन्धमा प्रचलित कानून बमोजिम ३५ दिन भित्र फछ्र्यौट भएको प्रमाण वा बेरुजू कायम गर्न नपर्ने कुनै कारण भए प्रमाण सहितको जवाफ पेश गरि संपरीक्षण गराउनु हुन अनुरोध गर्दछु ।

2080/5/5

हरि बहादुर केसी

(आ.ल.प.शाखा प्रमुख)

*बोधार्थ :-*

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार काठमाडौ ।

श्री महालेखा परीक्षकको कार्यालय

बबरमहल काठमाडौ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय रोल्पा ।

श्री आर्थिक प्रशासन शाखा,रोल्पा नगरकार्यपालिकाको कार्यालय, रोल्पा ।

CamScanner

# प्रतिवेदनको कार्यकारी शारांश

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रोल्पा नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु रोल्पा नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५२ सभा सदस्य, २७०.४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार ७५९ जनसंख्या रहेको छ ।

आ.व २०७९/०८० को कुल अनुमानित वजेट रु. ७९ करोड ८० लाख ७५ हजार मध्ये चालु तर्फ रु. ४७ करोड ७ लाख र पुजीगततर्फ रु. ३२ करोड ७३ लाख ७५ हजार विनियोजन गरिएकोमा अन्तरसरकारी वजेट थाहेक यथार्थमा रु. ६९ करोड ९७ लाख १४ हजार कुल विनियोजित वजेट कायम भएको र खर्च रु. ६५ करोड ६५ लाख ३९ हजार देखिएको पाइयो ।

**बजेटका उद्देश्यहरु**

1. व्यवसायिक कृषि तथा पशुपालनको माध्यमवाट आयआर्जनस्वरोजगारीका अवसरको सृजना गर्दै गरिवी , ,निवारण र जिवनस्तरमा सुधार ल्याउने
2. सबै नागरिकहरुको आधारभूत स्वास्थ्य सेवामा सहज पहुच पुर्याई उपलब्ध सेवा सुविधाको स्तरोन्नती गर्दै स्वास्थ्य नागरिक तयार गर
3. शिक्षालाई जीवनोपयोगी वनाई शिक्षित र चरित्रवान नागरिकहरुको उत्पादन गर्ने
4. विकास कार्यक्रम तथा आयोजनाहरुको पुर्न प्राथमिकरण गरी नगरको सन्तुलित र समतामुलक विकासमा जोड दिने, भौगोलिक अवस्था जनस,ंख्या राजश्व संकलनमा पुर्याएको योगदानका आधारमा क्षेत्रगत , ,कार्यक्रमहरु तय गरिने
5. नगरपालिकाको जैविक तथा प्राकृतिक विविधताभाषा संस्कृति र मौलिकपनलाई प्रर्वद्धन गर्दै पर्यटन क्षेत्रको , ,विस्तार गर्ने विकास र
6. सदाचार पद्धतिको अवलम्वन गरी नागरिकहरुलाई छिटो छरितो र जनमैत्री सेवा प्रवाहको माध्यमले परिवर्तनको प्रत्यक्ष अनुभुति नागरिकलाई दिलाउने ।

**बजेट कार्यन्वयन तथा उपलब्धीहरु**

१. २०७९ जेठ ०५ गते रोल्पा नगरपालिकाको नयाँ जिम्मेवारी पदवहालसँगै वालविकास शिक्षक र विद्यालय सहयोगीहरुको न्यूनतम पारिश्रमिक (संघको ८ हजार मा नगरको तर्फबाट ७ हजार थप गरी एकमुष्ट १५ हजार ) कायम गर्ने निर्णयको निरन्तरता ।

२. नगरको सन्तुलित र समानुपातिक विकास लागि विगतको दामासाही ढंगले बजेट बाढ्ने परम्परालाई अन्तय्य गरी जनसंख्या भूगोल विकासको अवस्था र राजश्वमा पुराएको योगदानको आधारमा मापदण्डको विकास गरी वितरण प्रणाली स्थापित भएको र बजेट वितरणलाई नतिजामुखी र नागरिकले प्रत्यक्ष लाभ पाउने आयोजनामा केन्द्रित गर्ने परम्पराको शुरुवाती भएको ।

३. रोल्पा नगरपालिकाको बजार क्षेत्रमा रहेका वेवारिसे जस्तै बनेका संरक्षण विहिन सडक पेटीमा जीउन बाध्य नागरिकहरुको उपचार र संरक्षणको व्यवस्था भएको ।

४. नागरिकहरुको गुणस्तरीय स्वास्थ्य उपचारको प्रवन्धको लागि स्वास्थ्य विमा बोर्डसँगको समन्वयमा जनयुद्धका घाईते शहिद परिवार र विपन्न परिवारका १३८० जना नगरवासीहरुको सम्मानस्वरुप स्वास्थ्य वीमा गरिएको ।

५. नगरपालिकाको वडा नं ३ र ४ लाग दुध पकेट क्षेत्रको रुपमा विकास गर्न उन्नत जातका ४० वटा भैसी वितरण गरिएको र किसानहरुलाई घरमै प्राविधिक सहायता उत्पादमा आधारित अनुदानको व्यवस्था मिलाएर निकै चुनौतिका बाबजुत पनि रोल्पा नगरपालिकाको अगुवाईमा गत पुस १६ गतेदेखि दुग्ध तथा सहकारी संस्था विधिसम्मत रुपमा स्थापना गरी सन्चालनमा आएको ।

६. एसईई परीक्षा उतिर्ण गरी प्राविधिक शिक्षा अध्ययन गर्न चाहाने ४८ जना विद्यार्थहरुलाई निशुल्क छात्रवृति कार्यक्रममा मनोनयन गरी विभिन्न शिक्षालयहरुमा अध्ययनको प्रबन्ध मिलाइएको र छात्रवृतिमा अध्ययन गरी हालसम्म उतिर्ण ४७ जनालाज १३ औं नगरसभामा दिक्षान्त समारोह आयोजना गरी दिक्षित गरिएको ।

७. कुल १५ करोड ५७ लाख ७० हजार ६४८ लागतमा निर्माण कार्य सम्पन्न हुने गरी नगरपालिकाको प्रशासकीय भवनको शिलान्यास भएको ।

८. UNICEF को मुल्यांकनमा रोल्पा नगरपालिका देशकै दोस्रो उत्कृष्ट नगरपालिकाको रुपमा छनौट भएको छ । नगरको सौन्दर्यको रुपमा सरसफाई र स्वच्छ खानेपानी का कार्यहरु विद्यालय स्वास्थ्य संस्था र समुदाय तीनै तरिकाबाट तिव्रतर अघि बढाईएको छ । नगरको २ र ४ नं वडालाई स्वच्छ खानेपानीयुक्त समुदाय घोषणा गरिएको ।

९. फाल्जाखोला पक्की पुलको निर्माण ङर्कवाङ बहुउद्देश्यीय जलाशयको निर्माण चुनारे क्षेत्र र सातदोबाटो रक गार्डेन भ्युटावरको स्तरउन्नती र व्यवस्थापन मार्फत पर्यटन विकास र आर्थिक चहलपहल सुरुवाती भएको

१०. कृषि हाटबजारको शुरुवाती भएको । हाटबजारमा हालसम्म कृषकहरुको ४७१३८ केजी तरकारीमा प्रतिकेजी रु. ५ का र केरामा प्रतिगोटामा रु. २ अनुदान र निशुल्क ढुवानीको प्रबन्ध मिलाइएको छ ।

११. सिपविकास अन्तरगत नगरका ३३२ जनालाई अल्लो प्रशोधन कृषि औजार निर्माण मर्मत बाख्रापालन पन्चबाजा तालिम र सिलाई कटाई विषयमा मेडपा कार्यक्रमबाट तालिम समपन्न भएको छ ।

१२. रोल्पा नगरपालिकाको वडा नं ७ दाङ्डुङमा बाढीफ पहिरोबाट बस्ती नै नष्ट भएकोमा प्रतिघर निर्माणका लागि नगरको तर्फबाट अधिकतम ५ लाख लागतमा ७ वटा घर निर्माण भै हस्तान्तरणको चरणमा रहेको छ । संघ तथा प्रदेशसँगको साझेदारीमा वडा नं ८ मा ५ वटा निजी आवाश निर्माण भएका छन । नगरमा आपतकालिन कार्यसन्चालन केन्द्र स्थापना विपद पोर्टल तयारी र विपद प्रतिकार्यका लागि तयारीहरु भएका छन ।

१३. विदेशबाट फर्किएका ४२ जना युवाहरुका लागि १७ लाख २० जहार बराबरको उदयमशिलता विकासका लागि कार्यहरु भैरहेका छन । पहिलो चरणमा ३२ जना युवाहरुका लागि ३ दिने व्यवसायिक पशुपालन तालिम सम्पन्न भैसकेको छ । प्रविधि हस्तान्तरण तथा थप सहायताका कार्यहरु भैरहेका छन । नश्ल सुधारका लागि

CamScanner

यस वर्ष ५० वटा बोयर प्रजातिका बोकाहरु वितरण गरिएको छ । प्रधानमन्त्री रोजगार अन्तरगत चालु आव मा ६३ वटा आयोजनामा १४८ जना स्वरोजगार भएका छन ।

१४. पकेट क्षेत्र अन्तरगत रोल्पा नपा वडा नं १ मा लसुन २ मा तरकारी ३ मा गहुँ ४ मा धन ५ मा मौरीपालन ६ मा मकै ७ मा सुन्तला र तरकारी ८ मा बेसार ९ मा अदुवा र वडा नं १० मा आलु र सुन्तला उत्पादनका कार्यक्रमहरु सन्चालनमा आएका छन । कृषकहरुको मागलाई मध्यनजर गर्दै नगरका २०० स्थानको माटो परीक्षण र GEOMAP तयार भएको छ ।

१५. नगरपालिकामा महिला जनजाति दलित अपाङ्ग जेष्ठ नागरिक र बालबालिका गरी ६ वठटा लक्षित वर्गका लागि वडातहदेखि समितिकै अगुवाईमा कार्यहरु प्रारम्भ भैसकेका छन । लक्षित समूहको कार्यविधि नै तयार गरी जसको कार्यक्रम उसैको नेतृत्व स्थापना गर्न पहल भएको छ ।

१६. रोल्पा नगरपालिकाले प्रादेशिक अस्पतालको हाताभित्र सेफ हाउसको सन्चालन गरेको छ । हालसम्म १५ जना सुरक्षित गृहमा बसिसकेका छन

१७. कार्यालयमा एकिकृत सेवाप्रवाहको व्यवस्था भए अनुसार ठिक १०.०० बजे राष्ट्रिय गानबाट कार्यालयको शुरुवाती गर्ने र कार्यालयमा डे ब्रिफिङ गर्ने प्रेस नोट जारी गर्ने कार्यालय परिसरमा सेवाग्राहीका लागि हेल्प डेस्कको स्थापना भएको छ ।

१८. संघीय सरकारले विकास गरेको स्थानीय तहको स्वमूल्यांकन प्रणाली लिजाको अवस्था विगतभन्दा सन्तोषजनक रहेको छ । रोल्पाका सबै तहहरुमध्ये ८२.२५ का उत्कृष्ट रहेको छ । FRA सूचकमा पनि ८३.६२ रहेको अवस्था छ । हालसम्म १७५१५३०५ राजश्व संकलन भएको छ । यो नगरपालिकाको स्थापनादेखिकै उच्च हो ।

१९. खर्चको व्यहोरा

| प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | चौथो चौमासिक |
|---|---|---|---|
| ८४४१५९३३.२२ | ९५८९३४१५.४६ | १४५५६१३२७.६२ | ३२६४२८१३४.९९ |

२०. पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ वनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२१. पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ६३ जनाको दरवन्दी रहेकोमा २५ दरवन्दी रिक्त रहेको पाईयो ।

CamScanner

रोल्पा नगरपालीका

# नगर कार्यपालिकाको कार्यालय

(आ.ले.प.शाखा) रोल्पा

आ.ले.प. प्रतिवेदन

प्रतिवेदन अवधि मिति :- २०७९ श्रावण देखि २०८० असार मसान्त सम्म ।

वजेट उप शिर्षक नं.- विभिन्न

कार्यालय प्रमुखको नाम :- श्री महेन्द्र पराजुली र नारायण प्रसाद भण्डारी

लेखा प्रमुखको नाम :- लेखापाल बसन्त गिरी

आ.ले.प. शाखा प्रमूखको नाम :- हरि वहादुर के.सी

**परिचय** :- रोल्पा नगरपालिकाको कार्यालय रोल्पाको आ.ब. २०७९/८० को श्रावण महिना देखि असार मसान्त सम्मको आन्तरीक लेखापरीक्षण सम्पन्न गरी यो संक्षिप्त संचित कोषको अवस्था तयार गरिएको छ ।

आय-व्यय को स्थिति :-

| क्र सं | आय | वार्षिक वजेट | निकासा रकम | व्यय | रकम |
|---|---|---|---|---|---|
| | | | | वजेट खर्च | |
| १ | गत आव अल्या | ० | | | |
| २ | वित्तिय समानिकरण अनूदान | १२५७००००० | ११५७०७५००. | समानिकरण अनूदान | १११४११७३८. |
| ३ | शसर्त अनूदान | ३१७८७८०००. | २९७१७९२४२.८ | शसर्त अनूदान | २९७१७९२४२.८ |
| ४ | संघीय सरकार राजश्व वाडफाड | ११९६३२०००. | १०४२४०३१.६९ | संघीय सरकार राजश्व वाडफाड | ८९१४५३८०.४९ |
| ५ | संघीय सरकार विशेष अनुदान | १००००००० | ८२८३६६५. | संघीय सरकार विशेष अनुदान | ८२८३६६५. |
| ६ | संघीय सरकार समपुरक अनुदान | ११००००००. | १५५२१०२. | संघीय सरकार समपुरक अनुदान | १५५२१०२. |
| ७ | प्रदेश मरकार राजश्व वाडफाड | २५८०७००. | २०५७२२०७.८५ | प्रदेश सरकार समानिकरण | ५१६४१८५. |
| ८ | प्रदेस सरकार समानिकरण | ६८३६०००. | ६८३६०००. | प्रदेश सरकार राजश्व वाडफाड | १५४७७८७७. |
| ९ | लुम्बिनीप्रदेश समपुरक अनुदान | २००००००० | १८४९६३९८. | लुम्बिनीप्रदेश समपुरक अनुदान | १८४९६३९८. |

हरि बहादुर के.सी.
आन्तरिक लेखापरीक्षक

| | | | | | |
|---|---|---|---|---|---|
| १० | लुम्बिनीप्रदेश विशेष अनुदान | १२९००००००. | ११२३१९२५. | लुम्बिनीप्रदेश विशेष अनुदान | ११२३१९२५. |
| ११ | प्रदेश सरकार शसर्त अनुदान | ११००००००. | ९५२२३०९. | प्रदेश सशर्त अनुदान | ९५२२३०९. |
| १२ | यूनिसेफ कार्यक्रम | ४९७१०२८. | ४९७१०२८. | आन्तरीक तर्फ | ७४२९५९००. |
| १३ | आन्तरिक आय | ८८३३००९५. | ८९८४५४००.९१ | धरौटी फिर्ता | ४२४०३००. |
| १४ | कर्मचारी कल्याण कोष | ३११३६५१. | ३११३६५१. | कोषतर्फ | २०६१८०८९. |
| १५ | विउपुजि चालुकोष | | ३८७३८६. | जम्मा रु. | ६५६५३९१११.२९ |
| १६ | प्रकोप व्यवस्थापन कोष | ४९५८१४९. | ४९५८१४९. | यथार्थ बैंक मौज्दात | |
| १७ | लैङ्गिक हिंसा निवारण कोष | १०००००. | १०००००. | १। ग ८.१ संचित कोष | २३१३००५१.९६ |
| १८ | धरौटी | | ७९५३९४३. | २। ग २.२ चालु खर्च खाता | ०. |
| १९ | पुन एकिकरण का।यक्रम | | १७२००००. | ३। ग २.४ पुजीगत खर्च खाता | ०. |
| २० | विविध कार्यक्रम | | ११९०००. | ४। धरौती खाता ц=३ | ३७१३६४३. |
| २१ | सेफ हाउस सन्चालन कोष | | ९४५००. | ५ )विविध कोष ग ५ १ | ८२४९८५८. |
| २२ | अपाङ्गता संरक्षण कोष | | २०००००. | ६ )विविध खर्च खाता ग २ ७ | १०३३४९. |
| २३ | प्रदेश तथा स्थानीय तह सहयोग | | ३५२४५०. | ७ विभाज्य कोष ग ६ १ | ०. |
| २४ | खेलकुद पुर्वाधार विकास कार्यक्रम | | ७५१२०२. | ८ आकस्मिक कोष ग ७ १ | ०. |
| २५ | मर्मत सम्भार कोष | | ५३४२८०३. | ९ आन्तरिक राजश्व खाता १ १ | ०. |
| | | | | १० बाँडफाँडबाट प्राप्त खाता १ २ | ०. |
| | | | | ११ प्रकोप व्यवस्थापन कोष ७ २ | ३०५११४८. |
| | | | | १२ विउपुजि चालु कोष | ८७३२५. |
| | | | | (ख) जम्मा रु. | ४३१७५७८२.९६ |
| | जम्मा | ७३८९९९६२३. | ६९९७१४८९४.२५ | कुल जम्मा | ६९९७१४८९४.२५ |

| सि.नं. | गो.भौ.नं. मिति | वेरुजु विवरण | नियमित गर्ने | असुल उपर गर्ने | पेश्की |  | कै. |
|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  | म्याद नाघेको | म्याद ननाघेको |  |
| १ |  | **खरिद प्रकृया सम्बन्धमा** :-सार्वजनिक खरिद ऐन २०६३ दफा ६ मा र सार्वजानिक खरिद नियमावली २०६४ को नियम ८ वमोजिम सार्वजनिक निकायले वाषिक दश लाख भन्दा वढी को खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना र दस करोड भन्दा वढी गुरु योजना तयार गरि मात्र खरिद कार्य अघि वढाउने व्यवस्था उल्लेख भएता पनि यस कार्यालवाट वार्षिक खरिद योजना र गुरुयोजना खरिद ईकाई गठन भए पनि वार्षिक खरिद योजना र गुरुयोजना तयार गरि उक्त योजना लाई वार्षिक रुपमा अध्यावधिक गर्नु पर्ने देखिन्छ। |  |  |  |  |  |
| २ |  | **जिन्सी व्यवस्थापन सम्बन्धमा** :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को परिच्छेद-१० वमोजिम सरकारी सर्म्पातको जिम्मा लागत संरक्षण सम्वन्धि व्यवस्था गरिएको छ। स्थानीय सरकार संचालन ऐन२०७४को दफा ९७,९८ र १०४ अनुसार साविकको गा.वि.स.को चलअचल सम्पति दायित्वको संम्पुर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सार्वजनिक सम्पति व्यवस्थापन प्रणली (PAMS) मा संम्पुर्ण हस्तान्तरित चलअचल संम्पतिको मुल अभिलेखमा प्रविष्टी गरि एकिकृत अभिलेख तयार गर्नु पर्दछ। र प्रत्येक वडाहरुमा रहेको सामान हरुको साहायक जिन्सी खाता तयार गर्नु पर्ने देखिन्छ। |  |  |  |  |  |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | | **आन्तरिक नियन्त्रण प्रणाली** :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन,२०७६ को दफा ३१ र नियमावली २०७७ को नियम ८१ वमोजिम सबै निकायले आन्तरिक नियत्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने उल्लेख गरिएको छ । र स्थानीय सरकार संचालन ऐन २०७४को दफा ७८ ले स्थानीय तहले आपनो कार्यालय बाट सम्पादन गरिने कार्यको उदेश्य हासिल गर्न क्रममा कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली बनाई लागु गर्नु पर्ने व्यवस्था रहेकोमा यस कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यन्वयनमा ल्याएको देखिएन् । सो सम्वन्धमा देखिएका अन्य व्यहोरा निती,योजना,वजेट,कार्यक्रम, वित्तिय अनुसाशन, अनुगमण लगायतका क्षेत्रमा जोखिम अनकलज,सुचना,जोखिम रोकथाम उपाय हरुको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी वडा तह सम्म कार्यान्वयन गर्नुपर्ने देखिन्छ । | | | | | |
| ४ | | **मूल्य अभिबृद्धि कर दर्ता नभएकासँग कारोबार** :-सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(२) वमोजिम रु.२००००।० (विस हजार) भन्दा माथिको आर्थिक कारोबार गर्दा स्थायी लेखा नम्वर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका फर्म,संस्था, सँग मात्र कारोवार गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले विभिन्न समयमा एकै फर्म बाट खरिद गर्दा विल टुक्रा पारी सिमा भन्दा वढी खरिद गरेको देखिदा सो व्यवस्था लाई पालना गरेको पाईएन् । | | | | | |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | | **उपभोक्ता समिती परिचालंन** :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १ देखि १४ मा उ.भो.स.वा लभग्राहि समुदाय बाट काम गराउने व्यवस्थास्थ छ । तर यस कार्यालयले नियममा भएको व्यवस्थालाई पालना नगरी काम गराएको देखिन्छ । संस्था दर्ता ऐन२०३४ को दाफा ३ मा कुनैपनि संस्था विधान सहित दर्ता नभएमा कानुनि मान्यता दिन मिल्ने देखिदैन् । यस पालिकाले अधिकाम्स आयोजना हरु उ.भो.स.बाट संचाल तथा संम्पन्न भएका छन । त्यस्ता समितिहरु स्थानीय स्तरमा संचालित आयोजना हरुको निर्माण गर्न अस्थायी रुपमा गठन हुने रकार्य सम्पन्न पछि समिति विघटन हुने हुदा निमाण कार्य सम्पन्न भएका आयोजना संचालन तथा मर्मत संहार ति समितिलाई जिम्मेवार बनाउन त्यस्ता समितिहरुले लेखापरिक्षण समेत न.पा.ले गराउने व्यवस्था भएकोले नगरपालिकाले कार्यविधिको कार्यन्वयन तुरुन्त हुनुपर्ने देखियो । | | | | | |
| ६ | | **तैमासिक खर्च** :- बार्षिक बजेट रु ७३८९९९६२३.० भएकोमा तेश्रो त्रैमासिक सम्म रुं ३२९९६४५३४।३० खर्च भई अन्तिम त्रैमासिकमा रु. ३२६५७४५७७।० खर्च भएकोमा अन्तिम त्रैमासिकमा ४४।२० प्रतिशत खर्च देखिएको हुदाँ त्रैमासिक विभाजन अनुसार काम भए नभएको बारे एकिन गर्ने अनुगमण प्रणाली लाई प्रभाबकारी बनाउनु पर्दछ । | | | | | |
| ७ | | **आयको अनुमान** : - स्थनीय सरकार संचालन ऐन,२०६४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्रप्तहुने आन्तरिक आय समेतको व्यवस्था गर्न सक्ने उल्लेख छ । यस न.पा.ले यस आ.व.मा अनुमानित आन्तरिक आय तर्फ रु.२००००००।० प्राप्त हुने प्रक्षेपन गरेको पाईयो । तर लक्ष अनुरुप राजश्व संकलन भएको पाईएन् । आम्दानी का अन्य श्रोतको पहिचान गरी आयको अनुमान यथार्थ् परक बनाई अन्य आय आर्जन बृदि हुने तर्फ ध्यानदिनु पर्ने दखिएको छ । | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७.१ | | आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ (४)बमोजिम आफनो जिम्मामा रहेको नगदी सोहि दिन वा त्यसको भोलि पल्ट दाखिला गर्नु पर्ने र दस दिन ढिलो भए दस प्रतिसत १५ दिन ढिलो भए पन्ध्र प्रतिसत २५ दिन ढिलो भए पचिस प्रतिसत जरिवाना सहित दाखिला गर्नु ऐन मा व्यवस्था भएकोमा सो व्यवस्था पालना पर्ने गरेको देखिएन् । | | | | | |
| ८ | | **संचित कोष** :- आ.व. २०७९/८० को अल्या सहित असार मसान्त सम्म आम्दानी रु ७२२४४०६४०।४५ ट्रान्सफर रु. ६९४४७०५८०।४९ बाँकी रु. २७९७००५९।९६ देखिएको । | | | | | |
| ९ | | **विभाज्य कोष** :-प्रदेशको कर तथा गैरकर राजश्व सम्बन्धि ऐन २०७५ को दफा १५ वमोजिम ढुङ्गा,गिटी, वालुवा, दहत्तर बहत्तर,मनोरन्जन कर वाट गत आ.व.जम्मा गर्न बाँकी समेत रु.२९७६५९५।० उठेको सुल्क मध्ये साठी प्रतिशत स्थानीय तह रु १७,८५९५७।० र चालीस प्रतिसतले हुने रकम रु ११९०६३८।० प्रदेश संचित कोषमा जम्मा गरेको देखिन्छ । | | | | | |
| १० | | **निशर्त चालु र पुजिगत अनुदान** :- वार्षिक बजेट रु.३२८१०५०९५।० भएकोमा खर्च रु.२५९६७४२४४।४९ र बजेट बाँकी रु.६८४३०८५०।५१ भएको पाईयो सोमा उल्लेख गर्नूपर्ने निम्न व्यहोरा देखिन्छ । | | | | | |
| ११ | | **रोल्पा नगरपालिका चालु** - वार्षिक वजेट रु.१३९७५०२५०।० भएकोमा खर्च रु. ११४८७१३१७।४९ भएको पाईयो सोमा उल्लेख गर्नूपर्ने निम्न व्यहोरा देखिन्छ । | | | | | |
| ११.१ | | यस नगरकार्यपालिकामा कार्यरत कर्मचारहरुलाई तलब भुक्तानी लेख्दा तलवि प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलवी प्रतिवेदन पारित गरेको पाईयो । | | | | | |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११.२ | | भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (५) बमोजिम फिल्ड भत्ता पाउने कर्मचारीले आफु कार्यरत क्षेत्रभित्र भ्रमणमा रहदा दैनिक भ्रमण भत्ता नपाउने र साहि नियमावलीको नियम ७ को अर्पानियम ११ बमोजिम दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भ्रमण भत्ता उपभोग गरेको अवधि भर बैठक भत्ता,फिल्ड भत्ता,स्थानीय भत्ता र अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेकोमा सो व्यवस्था लाई पालना गरेको पाईएन् । वडा तहमा कार्यरत कर्मचारीको वडा अध्यक्ष बाट सिफारिस कार्यालय वाट भ्रमण खटिदा उक्त कार्यको उदेश्य गोष्ठी/सेमिनार भए चिठि र भ्रमण पुष्टी गर्नेकागजात समावेस गर्नुपर्ने दखिन्छ । | | | | | |
| ११.३ | | भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) अनुसार यस सरकारी कामको सिलसिलामा भमणमा रहि दैनिक भत्ता उपभोग गर्ने पदाधिकारी र कर्मचारी ले दैनिक भ्रमण भत्ता उपभेग गरेको अवधिभर फिल्ड भत्ता,तालिम भत्ता,स्थानीय भत्ता र अन्य भत्ता पाउने छैन् लेखिएकोमा यस कार्यलयमा कार्यरत कर्मचारीले जिल्ला वाहिर रहि दैनिक भ्रमण भत्ता उपभोग गरेको अवधिमा वैठक भत्ता अनुगमण भत्ता लिइएकोमा यसतर्फ सुधार हुनुपर्दछ । | | | | | |
| १२ | | **निशर्त शिक्षा चालु कार्याक्रम** :-वार्षिक बजेट रु.३०२०००००।० भएकोमा निकासा रु.२,५२,९१७०२।० खर्च रु.२,५२,९१७०२।० भएको पाईयो । सोमा उल्लेख गर्नूपर्ने निम्न व्यहोरा देखिन्छ । | | | | | |
| १२.१ | ४१५।०७९।११।१७ | बाल उदय मा.वि.माडिचौर राष्ट्रपति रनिडसिल्ड प्रतियोगितामा सामाग्री खरिद तथा आयोजना संचालन खर्च रु ७७५९२५।० लेख्दा खरिद गरिएको सामानको दाखिला नभएको र विल अपुग रु.११७५।० असुल गनुपर्ने रु. | | ११७५।० | | | |
| १३ | | **निषर्त स्वास्थ्य क्षेत्र चालु कार्यक्रम** :- वार्षिक विनियोजन बजेट रु. ६०००००००।० भएकोमा खर्च रु. ५१८७१७६।० भएको पाईयो सोमा उल्लेख गर्नूपर्ने निम्न व्यहोरा देखिन्छ । | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३.१ | | आर्थिक कार्याविधि तथा वित्तियउत्तरदायीत्व नियमावली२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुस्टयाई गर्ने विल, भर्पाइ,प्रमाण र कागजात संलग्न गर्नु पर्ने व्यवस्था छ । तर वडा कार्यलय वाट तलब भत्ता खानेगरि नियुक्ती स्वस्थ्य कार्यालयमा कार्यरत स्वास्थ्य कर्मी हरुको तलब खर्च लेख्दा निज हरुको प्रमाणित हाजिरी प्रतिवेदन र शाखाको सिफारिस वेगर तलव खर्च लेखिएको हुदा खर्च लेख्ने यथेष्ट प्रमाण संलग्न राखि मात्र खर्च लेख्नु पर्ने देखिन्छ । | | | | | |
| १४ | | निषर्त कृषि क्षेत्र कार्यक्रम : - वार्षिक वजेट रु. ६०,००००।० भएकोमा खर्च रु. ५२६१९५८।० भएको पाईयो सोमा उल्लेख गर्नुपर्ने निम्न व्यहोरा देखिन्छ । | | | | | |
| १४.१ | | विभिन्न मितिमा विभिन्न प्रतिशतमा अनुदानमा सामाग्री, विउ, विषादि, वितरण गरेको पाईयो तर कृषकले जम्मा गर्नुपर्ने रकम कृषकको माग आकृति र कृषकले जम्मा गरेका रकमको विवरण तथा वैक जम्मा गरेको रकम कतै देखिएन् । अनुदान वितरण गर्दा दोहोरो नपर्ने गरि लक्षित समुह केन्दीत गर्नु पर्छ ।यसरी वितरण मुखि प्रणाली लाई अन्त्य गरि अभिलेख देखिने गरि राख्नु पर्दछ । | | | | | |
| १४.२ | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ३९ वमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने कागजात सम्लग्न गर्नुपर्न व्यवस्था छ । तर कृषि कार्यक्रमको पकेट क्षेत्र तथा न.पा.वाट विउ, विरुवा, औजार र पशुपंक्षी वितरणमा सो सामानहरुको गुणस्तर परीक्षण भने कुनै पनि गरिएको पाईएन र अनुदानमा कृषकालाई वितरण गर्दा वितरण गरेका सामाग्रीको अभिलेख र वितरण गर्दा कृषकको संलग्नता देखिने गरी अभिलेख राखि अनुगमण निरन्तर हुनुपर्ने देखिन्छ । । | | | | | |
| १५ | | रोल्पा न.पा.पुजिगत :- वार्षिक वजेट रु.१८,८३,५४८४५।० खर्च रु. १४४८०२९७।० भएको पाईयो सो मा उल्लेख गर्नुपर्ने निम्न व्यहोरा देखिन्छ । | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५.१ | | लागत अनुमान :- सार्वजनिक खरिद ऐन २०६३ कृ दफा ५(१) बमोजिम निर्माण कार्य वाहेक एक लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा मा लागत अनुमान तयार गरेको पाईएन र सार्वजनिक खरिद नियमावली २०६४को नियम १० (३) वमोजिम लागत अनुमान तयार गर्दा निर्माण कार्य संपन्न गर्न लाग्ने समयावधि किटान गर्नुपने व्यवस्था छ तर लागत अनुमान तयार गर्दा समयअवधि कतै ताकिएको पाईएन् । | | | | | |
| १५.२ | | उपभोक्ता समितिको कार्यमा मु.अ.कर : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको भुक्तानी दिंदा मुल्यअभिवृद्धि कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण सामाग्रीको मुल्यमा मु.अ.कर थप गरी लागत अनुमान तयार गरेको एवम् मेशिनद्धारा काम गर्ने गरी लागत अनुमान तयार गर्दा माटो काट्ने काम समेतमा उपभोक्तालाई मुल्य अभिवृद्धि कर समेतको रकम भुक्तानी दिएको छ । | | | | | |
| १५.३ | | सार्वजनिक खरिद नियामावली २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान संझौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको परिक्षण गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयवाट निर्माण व्यावसायि र उ.स.मार्फत काम गराउदा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परिक्षण गर्ने गरेको पाईएन् । जटिल र ठुला निर्मान गर्दात्यस्को दिगोपनको लागी आगामि दिन हरुमा निर्माण सामाग्रीको गुणस्तर परिक्षणमा ध्यान दिनुपर्ने देखिन्छ । | | | | | |
| १५.४ | | सार्वजनिक खरिद नियमावलीको २०६४ को दफा १२ (३) ख बमोजिम परामर्स सेवाको लागत अनुमान तयार गर्दा खुलाउनु पर्ने कुरा मुख्य जनसक्तिको पारिश्रमिक,भ्रमण खर्च,जनशक्तिको बसोवास खर्च,उपकरण मालसामान खर्च, कागजात छपाई र अन्य फुटकर खर्च खुलाउनु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गर्नुपर्ने देखिन्छ । | | | | | |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५.५ | | निम्न व्यक्ति, संस्था तथा फर्महरुले लिएका पेश्की स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९० वमोजिम असुल फर्छ्यौट हनुपर्ने रु... <br> १. टक्सार जलजला छायाश्वरी जे.भी. रु २६९१४०००।० | | | | २६,९१४,०००।० | |
| १५.६ | १०७/०८०/१/१३ | रोल्पा नगरपालिका ६ को कोटालिम पार्क तथा पोखरी निर्माण उ.भो.स.को यस कार्यालयवाट रु २८८००० भुक्तानी गरेको पाइयो स्टिमेटमा एङगल पोल १७० गोटाको रु १८३४१४.१३ ल.इ.. भएको तर उपभोक्ता समितिको विलमा १५० के.जि.मात्र खरिद भएको पाइयो । ल.इ. भन्दा का.स.मा कम खरीद गरी उपभोक्ता समितिले वढी भुक्तानी लिएको रु १६४१४.१३ असूल उपर गर्नुपर्ने । | | १६,४१४।१३ | | | |
| १५.७ | १४१/०८०/०१/२८ | कारागारमा ढल निर्माण उपभोक्ता समितिलाई रु ९६०००.० भुक्तानी गरियो सो योजनाको आम भेलाको निर्णय २०८०।०१।१० गते वडा अध्यक्षको रोहवरमा गठन गरियो । मिति २०७९।१२।१७ मा उ.भो.स. लाई लागत स्टिमेट गराउने प्राविधिक खटाउने चिठि पेश गरियो । मिति २०८०।१।१८ निर्णयले वडा कार्यालयमा ल.ई गरि सम्झौताको लागि सिफारिस गरि पठाईएको छ । कार्यालयले १२।१७ मा आयोजनाको सम्झौता गरियो । लागत स्टीमेटको आइटम नं. ८मा १० एमएमको सरिया १७२.१० किलो छ का.स.मा १८५.०६ के.जि भनिएको तर उ.भो.स.ले पेश गरेको भ्याट विलमा १५२ के.जि.मात्रको विल संलग्न रहे अनुसार स्टिमेट अनुसार सरिया प्रयोग नगरिएकोले २० के.जि. सरियाको रकम उपभोक्ता समितिबाट असुल उपर हुनु पर्दछ । | | २,६१८।० | | | |
| १६ | | संघीय सरकार हस्तान्तरीत कार्यक्रम चालु र पुजिगत - वार्षिक वजेट रु. ३३८८७८०००।० भएकोमा निकासा रु ३०७०१५००९।८० खर्च रु ३०७०१५००९।८० र बजेट बाँकी रु ३१८६२९९०।२० भएको पाईयो सोमा उल्लेख गर्नुपर्ने निम्न व्यहोरा देखिन्छ । | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संस्थाले तयार गरेको महिला स्वस्थ्य स्वयंसेविकाको आमसभा आधारमा स्वास्थ्य संस्था प्रमुखले प्रत्येक महिना कुनैएक विषयमा छलफल पछि महिला स्वयंसेबिकाले आमा समुहको बैठकमा छलफल गरेको माईन्युट प्रमाणित गरेपछि मात्र यातायात खर्च वितरण गर्नुपर्नेमा महिला स्वस्थ्य स्वयंसेबिकाको संख्या ६३ जना लाई यातायात खर्च र पोषाक प्रेत्साहान वापत रु.१३,८६,०००।० वितरण गरेको नियमित देखिएन् । | | | |
| १७.१ | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ उपनियम ७ र ८ बमोजिम तालिम, सेमिनार,गोष्ठी,कार्यशाला जस्ता कार्यक्रमको लागि खर्चगर्दा लागत अनुमान स्वीकृत भएको हुनुपर्ने र कर्यक्रम समाप्त भईसकेपछि त्यस्तो कार्यक्रममा भएको खर्च खरिद गरिएको मालसामानको विवरण तथा बिल भर्पाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रम बाट लाभाम्बित व्यक्तिको संङख्या र उपस्थित समेत समावेस गरी तयार गरेको प्रतिवेदन अधिकार प्राप्त अधिकारी बाट स्वीकृत गराउनु पर्ने छ । भनिएता पनि खर्च प्रमाणित गर्ने एथेष्ट प्रमाण वेगर खर्च लेखिएको पाईयो । आगामी दिनमा कार्यक्रमको संपुर्ण विवरण देखिनेगरी कार्यक्रम संचालन गर्ने तर्फ सुधार हुनुपर्दछ । | | | |
| १७.२ | २१७,२१८।२१९,२२२ | गरिवि निवारणका लागि लघुउघेम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ४१(१) अनुसार प्राबिधिक सामान हस्तान्तरणमा सर्त नामा सहित गरिने व्यबस्था छ । तर समुहको अध्यक्ष लाई भर्पाई गरि सामान बुझाएको पाईयो । तालीम संचालन तथा संम्पन्न हुदा प्रयोग गरिएको जिन्सी सामाण र उत्पादित सामान दाखिला वा हस्तान्तरित हुनुपर्दछ । | | | |
| १८ | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** :-बार्षिक बजेट रु.११०९२०००।०।० भएकोमा निकासा रु.११०९२०००।० खर्च रु.१०३०७२६५।०. भएको पाईयो सोमा उल्लेख गर्नूपर्ने निम्न व्यहोरा देखिन्छ । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बमोजिम स्थानिय तहमा सुचिकृत बेरोजगार [illegible] पूर्वाधार विकास मार्फत नागरिकको जिवनयापनमा सुधार ल्याउने उदेश्यले वेरोजगार सूचिमा समावेस भएका लाई प्राथमिकरण गरि रोजगारि दिनुपर्ने व्यवस्था रहेकोमा यस कार्यक्रम अन्तरगत वडाहरुमा बाटो,नाला,भवन र सानातिन निर्माण कार्य १ देखि १० वडामा ६६ आयोजनामा रु.८६२१०९८।० खर्च भएकोमा अधिकाम्स आयोजना अनुत्पादन मुलक कार्यमा खर्च भएका छन् । लक्षित वर्ग लाई अल्पकालिन रोजगारी श्रजना भएतापनि कामको दिर्घकालिन रोजगारी श्रजना भएको देखिदैन । आयोजना छनैट गर्दा लागत विश्लेसन,रोजगारी श्रृजना,आय वृदि र लाभ जस्ता पक्षमा ध्यान जानु पर्ने देखिन्छ । | | | |
| १९ | | संघीय सरकार हस्तान्तरीत कार्यक्रम पूजिगतः- बिनियोजित रु ६७८२५०००।० भएकोमा निकासा रु.५०३०९०९४।० खर्च रु. ५०३०९०९४।० र बजेट बाँकी रु १७५१५९०६।० भएको पाईयो सोमा उल्लेख गर्नूपर्ने निम्न व्यहोरा देखिन्छ । | | | |
| १९.१ | | निम्न व्याक्ति हरुले लिएको पेश्की स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४को नियम १९० बमोजिम असुल फर्छ्यौट हनुपर्ने रु.<br>१) धाङसीखोला झोलुङ्गे पुल नि.उ.स. रु.७२०६९९।०<br>२) क्युबाङ झोलुङ्गे पुल नि.उ.सा रु.५४६०००।०<br>३) जेजीबाङ कोपसी झोलुङ्गे पुल नि.उ.स रु.५१९०००।० | | | १३=५६९९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९.२ | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ उपनियम७ र ८ बमोजिम तालिम, सेमिनार,गोष्ठी,कार्यसाला जस्तम कार्यक्तमको लागि खर्चगर्दा लागत अनुमान स्वीकृत भएको हुनुपर्ने र कर्यक्रम समाप्त भईसकेपछि त्यस्तो कार्यक्रममा भएको खर्च खरिद गरिएको मालसामानको विवरण तथा विल भर्पाईसहित कर्यक्रममा उपस्थित तथा कर्यक्रम बाट लाभाम्बित व्यक्तिको संङख्या र उर्पास्थत समेत समावेश गरी तयार गरेको प्रतिवेदन अधिकार पाप्त अधिकारी बाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । तर वडाकार्यालय बाट संचालीत कार्यक्रममा सो अनुरुप गरेको पाईएन् । | | | | | |
| १९.३ | ५५९/०८०/०१/१० | नगरसभा सन्चालन खर्च भनी रु ४५२४४०।० प्रशासकीय अधिकृत सुशिलकुमार थापाको नाममा खर्च लेखियो । सो मा कर दाखिला भने नभएको हुदा सो कर कट्टी रकम दाखिला गर्नुपर्ने रकम आ.ले.प.को समयमा मिति २०८०।५।६ गते दखिला बैक भौचर न.७३०४९५४ र .७३०४९५५ बाट रु.४७८५०।० राजश्व दाखिला भएको छ । | | | | | |
| २० | | **प्रदेश सरकार समपुरक अनुदान पुजिगत-** बार्षिक बजेट रु.२०००००००।० भएकोमा निकासा रु.१८४९६३९८।० खर्च रु.१८४९६३९८।० र बजेट बाँकी रु १५०३६०२।० भएको पाईयो सोमा उल्लेख गर्नूपर्ने निम्न व्यहोरा देखिन्छ । | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०.१ | | सार्वजानिक खरिद नियमावलि २०६४को नियम ९७ का [illegible] उ.स. वा लभग्राहि समुदाय बाट संचालित हुने निर्माणकार्यमा डोजर,एक्साभेटर,लोडर,रोलर जस्ता हेवि मेसिन प्रयोग गर्न नसकिने व्यवस्था छ। सो निमावलीको प्रतिबन्धात्मक व्याबयास लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धीत प्राविधिको सिफारीसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत अधिकांश सडक निर्माण र स्तरउनोन्ती, भवन,फिल्ड, निर्माण सम्बन्धी र आयोजना उपभोक्ता समितिले हेभी मेसिन प्रयोग गर्ने गरेको पाएता पनि नियमानवलीको व्यवस्था भए बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई नगर कार्यपालिकाको कार्यापालिका बाट सहमती लिएको भने पाईएन् । केही उदाहरण निम्नानुसार छन । | | | | | |
| २०.२ | | सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९७ नियम (९) बमोजिम उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न भए पश्चात अनुगमन निरीक्षण, र हस्तान्तरण गरी उपभोक्ता समितिले अभिलेख राख्नुपर्ने व्यवस्था रहेकोमा यस नगरपालिकाबाट सञ्चालित आयोजनाहरुको निमार्ण सम्पन्न पश्चात अनुगमन समितिहरुबाट अनुगमन गरी प्रतिवेदनमा अनुगमनबाट देखिएका व्यहोराहरु उल्लेख गर्नुपर्नेमा सो गरिएको देखिएन् ।। | | | | | |

हरि बहादुर [illegible]
आन्तरिक [illegible]

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०.३ | | निर्माण कार्यको गुणस्तर : उपभोक्ता समिति [illegible] व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ को दफा १२ मा निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी प्राविधिक कर्मचारी र उपभोक्ता समिति हुने उल्लेख छ । साथै उपभोक्ता समितिवाट कार्यान्वयन भएको आयोजनाहरुको दिगोपनका लागि सम्वन्धित उपभोक्ता समितिले नै व्यवस्था गर्नुपर्नेछ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न विभिन्न निमार्ण सामग्रीहरुको प्रयोगशाला परीक्षण गर्ने गराउने, गारो लगाउने, जाली, नहर, ढल आदी कार्यको गुणस्तर परीक्षण गर्ने गराएको पाएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको छ भन्ने सुनिस्चीतताका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने देखिन्छ । | | | | | |
| २१ | | **प्रदेश सरकार सशर्त अनुदान** - वार्षिक वजेट रु. १,१०,००,०००।० भएकोमा निकासा रु ९५,२२,३०९।० खर्च रु. ९५,२२३०९।० र वजेट वाँकी रु.१४,७७,६९१।० भएको पाईयो सोमा उल्लेख गर्नूपर्ने निम्न व्यहोरा देखिन्छ । | | | | | |
| २१.१ | | | | | | | |
| २२ | | **प्रदेश सरकार समपुरक अनुदान** :- वार्षिक वजेट रु. २,००,००,०००।० भएकोमा निकासा रु१,८४९६३९८।० खर्च रु.१,८४९६३९६।० र वजेट वाँकी रु.१५०३६०२।० भएको पाईयो । सोमा उल्लेख गर्नूपर्ने निम्न व्यहोरा देखिन्छ । | | | | | |
| २३ | | **प्रदेश सरकार समानिकरण अनुदान** :- वार्षिक वजेट रु.६८३६०००।० भएकोमा निकासा रु.६८३६६६६।० खर्च रु.५१६४१८५।० र वजेट वाँकी रु ११६७१८१५।० भएको पाइयो । | | | | | |
| २४ | | **प्रदेश सरकार विशेष अनुदान** :- वार्षिक वजेट रु. १२,९०,०००।० भएकोमा निकासा रु ११,२३,१९२५।० खर्च रु.११,२३१९२५।० र वजेट वाँकी रु १६,६८,०७५।० भएको पाइयो । | | | | | |
| २४.१ | | | | | | | |

हरि बहादुर
आन्तरिक

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | | **खानेपानी तथा सरसफाई स्वच्छता कार्यक्रम (युनिसेफ) - वार्षिक बजेट** रु.४९७१०२८।० भएकोमा निकासा रु ४९७१०२८।० र खर्च रु ४९७१०२८।० भएको पाईयो सोमा उल्लेख गर्नूपर्ने निम्न व्यहोरा देखिन्छ। | | | | | |
| २५.१ | | आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुस्टयाई गर्ने कागजात संम्लग्न गरि खर्च लेख्नु पर्ने व्यवस्था भएकोमा वास टेक्नीसियन पुर्ण वहादुर वली लाई दैनिक भ्रमण भत्ता पनि दिएको र स्टीमेट तयार गरेवापत भनि रु.८०,०००। भुक्तानी दिएको छ। | | | | | |
| २६ | | **पुन एकिकरण कार्यकम** - वार्षिक बजेट रु.१७,२०००।० भएकोमा निकासा रु १७,२०००।० र खर्च रु १६,१९३३१।० र बाँकी रु. १,००६६९।० भएको पाईयो सोमा उल्लेख गर्नूपर्ने निम्न व्यहोरा देखिन्छ। | | | | | |
| २६.१ | ६/०८०/२/४ | आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुस्टयाई गर्ने कागजात संम्लग्न गरि खर्च लेख्नु पर्ने व्स्था छ। रोजगार संयोजक श्री मिसान घर्ति लाई बढी भुक्तानी दाखिला गर्नुपर्ने रु. | | १४१०१० | | | |
| २७ | | **प्रदेश तथा क्षमता विकास कार्यकम** - वार्षिक बजेट रु. ४२५९६७।० भएकोमा निकासा रु ३,५२,४५०।० र खर्च रु ३,५२,४५०।० भएको पाईयो सोमा उल्लेख गर्नूपर्ने व्यहोरा देखिएन्। | | | | | |
| २८ | | <u>कर्मचारी कल्याण कोष तर्फ</u> :- गत आ.ब.को अल्या रु.२११३६५१।० चालु आ व मा रु. १००००००।० गरी जम्मा रु ३१,१३,६५१।० खर्च रु.५९१३३७।० बाँकी रु.२५,२२,३१४।० देखिन्छ। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ म स्थानीय तहले स्थानीय सेवाका दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलब बाट १० प्रतिशत रकम कटी गरी सो रकम बराबर हुन आउने रकम थप गरी जम्मा गर्नु पर्ने व्यबस्था छ। तर सो अनुसार कोषमा रकम जम्मा गरिइको छैन र उक्त कोष संचालन सम्बधि ऐन कानुनको व्यवस्था गर्नुपर्ने देखिन्छ। | | | | | |

हरि बहादुर केसी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ...सम्भार कोष :- चालु आ.व.को निकासा रु ...<br>खर्च रु. १५९४२०१० र बाँकी रु.५१८३३८३१० देखिन्छ। | | | | | |
| २८ | | **प्रकोप व्यवस्थापन कोष तर्फ** :- गत आ.व.को अ.ल्या २९५८१४९१० निकास रु.२००००००१० सहित जम्मा रु ४९५८१४९१० रहेको, खर्च रु. १९०७००९१० र बाँकी रु.३०५११४८१० भएकोमा उल्लेख देखिन्छ। | | | | | |
| २८.१ | १४/१५/२०८०/३/१५ | लम्पी स्किन रोगको लागि रु.७३२९२३१० बराबरको औषधी खरिद गरियो तर उक्त औषधीबाट के कति गाई गोरु भैसी बाखा उपचार भए उपचार भएका जिवजन्तुहरुबाट किसानहरुलाइ कतिको लाभ प्राप्त भयो भन्ने कुराको प्रतिवेदन पेश हुनु पर्दछ। | | | | | |
| २९ | | **लैगिंक हिंसा निवारण कोष तर्फ** :- गत आ.व.को अ. ल्या १००००००१० रहेको, खर्च रु.०१० र बाँकी रु.१००००००१० भएको पाइयो। सोमा उल्लेख गर्नुपर्ने व्यहोरा देखिएन। | | | | | |
| ३० | | **अपाङ्गता संरक्षण कोष तर्फ** :- चालु आ.व.को निकासा रु २००००००१० रहेको, खर्च रु ०१० र बाँकी रु.२००००००१० भएको पाइयो। सोमा उल्लेख गर्नुपर्ने व्यहोरा देखिएन। | | | | | |
| ३१ | | **सुरक्षित आवास गृह (सेफ हाउस) व्यवस्थापन तथा सन्चालन कोष** चालु आ.व.को निकासा रु ९४५००१० रहेको, खर्च रु ०१० र बाँकी रु.९४५००१० भएको पाइयो। सोमा उल्लेख गर्नुपर्ने व्यहोरा देखिएन। | | | | | |
| ३२ | | **विउपुजि चालु कोष तर्फ** :- गत आ.व.को अ.ल्या रु.१०५३८६१० निकासा २८२०००१० गरि जम्मा रु ३८७३८६१० रहेकोमा लगानी रु.१५००००१० र बाँकी रु.२,३७,३८६१० भएको पाइयो। गरीब संग विश्वेश्वर कार्यक्रम सचालन निर्देशिका २०७७ बमोजिम बिगत आ.व.को विउपुजि चालुकोष रकमको यथार्थ बिवरण र प्रगति बिवरण सलग्न हुनुपर्ने। | | | | | |
| ३३ | | ***विविध खर्च खाता*** :- लम्पी स्किन रोग निवारणका लागि किसानहरुबाट ५० प्रतिशत र कार्यालयबाट ५० प्रतिशत व्यहोर्ने गरी औषधी खरिद गरेकोमा किसानहरुबाट उठेको रकम रु ११९०००१० दाखिला गरी भुक्तानी गरेको पाइयो। | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३४ | | ***धरौटी*** :- गत आ.ब.को धरैटी अल्या रु. ५८,८०,६७३।० असार मसान्तसम्म धरौटी प्राप्त रु. २०७३२७०।० गरी जम्मा रु ७९५३९४३।० रहेको, फिर्ता रु ४२४०३००।० र बाँकी रु. ३७१३६४३।० देखिन्छ । | | | | | |
| ३५ | | **न्यायिक समिति** :-स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्याय सम्पादनको व्यवस्था गरिएको छ । न्यायिक समितीमा गत बर्ष को उजूरी बाँकी ५ र यस आ.ब.मा उजूरी दर्ता १५ गरि जम्मा २० दर्ता भएका मध्ये ९ उजूरी किनारा लगाएको र बाँकी ११ देखियो ।न्याय संम्पादनमा ऐनले तोकिएको म्यादभित्र कार्वाही गरि न्याय संपादन गरिनु पर्दछ । | | | | | |
| | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७(२) अनुसार यस रोल्पा न.पा.को आ.व.०७९/८०को आन्तरिक लेखापरीक्षण कार्यमा सहयोग पुयाउने यसकार्यालय र अन्तर्गतका निकायमा कार्यरत कर्मचारी हरुलाई धन्यवाद ज्ञापन गर्दछु । | | | | | |

रोल्पा नगरपालिका नगरकार्यपालिकाको कार्यालय लिवाङ २०७३

२०८०/०४/१५
हरि बहादुर ...
आन्तरिक लेखापरीक्षक

CamScanner